बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

**किसानसँग पालिका प्रमुख कृषि कार्यक्रम संचालन कार्यविधि २०८०**

**गाउँ कार्यपालिकाबाट पारित मिति : २०८०/०१/२४ गते**

**प्रथम पटक संसोधित मिति : २०८२/०१/०३ गते**

**प्रस्तावना:**

वैजनाथ गाउंपालिकाको कृषि क्षेत्रको विकासको लागि वास्तविक **किसान**को मागलाई सम्बोधन गरी कृषि क्षेत्रमा आधरित उद्योग तथा व्यावसायमा कृषकहरूलाई उत्साहित गरी प्रत्यक्ष रूपमा विना झंझट कार्यक्रमलाई व्यवस्थित,पारदर्शी र प्रभावकारी रूपमा संचालन गर्न स्थानीय सरकार संचालन नियमावली २०७४ को प्रयोग गरी वैजनाथ गाउंपालिकालाई कृषि क्षेत्रमा आत्म निर्भर बनाउन वैजनाथ गाउंपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यस कार्यविधिको नाम: **किसानसँग पालिका प्रमुख कार्यक्रम संचालन कार्यविधि २०८०** रहेको छ । (२) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम संचालन गरिने कार्यक्रमहरूको लागि कृषि तथा पशु सेवा शाखाबाट उपलब्ध गराइने नगद र जिन्सी सहायता समेतलाई संझनु पर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले संचालित कार्यक्रम अनुसार अनुदान प्राप्त गर्ने कृषक/फार्म/कृषि उद्यमी/कृषि तथा पशुपंक्षीको कार्य गर्ने कम्पनी/कृषक समूह/कृषि सहकारी/उपभोक्ता समिति संझनु पर्छ ।

(ग) "उपभोक्ता समिति" भन्नाले कृषि, पशुपंक्षी,सिंचाई कार्य गर्ने गरी कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको उपभोक्ता समिति संझनु पर्छ ।

(घ) "कम्पनी" भन्नाले कृषि/पशुपंक्षी व्यवासाय गर्ने प्रचलित कानुन बमोजिम दर्ता भएका प्राइभेट वा पब्लिक कम्पनीलाई संझनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले वैजनाथ गाउंपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(च) "समूह" भन्नाले आधिकारीक निकायमा दर्ता भइ कृषि तथा पशुपक्षी सम्बन्धि कार्य गर्ने सम्झनु पर्ने छ ।

(छ) "कृषि सहकारी" भन्नाले नेपाल सरकारको आधिकारीक निकायमा दर्ता भइ कृषि सम्बन्धि कार्य गर्ने संस्थालाइ सम्झनु पर्ने छ ।

**३. सरोकारवाला निकायहरूको भूमिका:** कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरूको देहाय बमोजिमको भूमिका हुनेछ :

(क) गाउंपालिकाको भूमिका : गाउंपालिकाले कार्यक्रमको अनुगमन गर्ने, पृष्टपोषण गर्ने, समस्या समाधान गर्ने ।

(ख) विषयगत शाखाको भूमिका:

- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आव्हान गरी **प्रमुख प्रसासकिय अधिकृत**,आर्थिक प्रशासन शाखा प्रमुख, पशु सेवा शाखा प्रमुख, कृषि शाखा प्रमुख को समितिबाट मापदण्ड/सूचकहरूको आधारमा प्रस्तावहरूको मूल्यांकन तथा छनोट गर्ने ।
- यस कार्यविधि अनुसारका कार्यक्रमहरूको संचालन कृषि तथा पशुपंक्षी विकास शाखाबाट हुनेछ ।
- कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन पश्चात कार्य सम्पन्नताको

  आधारमा भुक्तानी गर्ने ।
- संझौता बमोजिम कार्यक्रम संचालन भए नभएको अनुगमन गर्ने गराउने,
- प्रचलित कानुन बमोजिम खर्च गर्ने गराउने, लेखा परिक्षण गर्ने गराउने,

कृषि तथा पशुपंक्षी शाखाहरूले प्राविधिक पक्षको सम्भाव्यताको आधारमा वैजनाथ गाउंपालिकाको कृषि तथा पशुपंक्षी व्यावसायमा आत्मा निर्भर बनाउनको लागि कृषि यान्त्रीकरण, सिंचाई प्रविधिका सामाग्री, ढुवानीका साधन, कृषि एम्बुलेन्स, शित भण्डार, कृषि उपज संकलन केन्द्र स्थापना, कृषि तथा पशुपंक्षी हाट वजार स्थापना, नश्ल श्रोत स्थापना, दुग्ध र मासु उत्पादन तथा वजारीकरण लगायतका कार्यक्रमहरू संचालन गर्न सक्नेछ । कार्यक्रमको दोहोरापना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा गाउंपीलकाले नियमित अनुगमन गर्ने गराउने छ ।

(ग) अनुदानग्राहीको भूमिका यस कार्यविधिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गर्नेछ :

- अनुदानग्राहीले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानुन बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहित निवेदन समय सिमाभित्रै पेश गर्नु पर्ने ।
- जुन कर्यक्रमको लागि अनुदान प्राप्त भएको हो, सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्नु पर्ने ।
- संझौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कायालर्यमा पठाउनु पर्ने ।

- अनुदानग्राहीका अन्य अधिकार, कर्तव्य तथा दायित्व संझौतामा उल्लेख बमोजिम हुने ।
- तोकिएको समयमा कार्य सम्पन्न नभएमा, लागत बृद्धि भएमा वा कुनै हानी नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदान ग्राहीको हुनेछ ।

४. **किसानसँग पालिका प्रमुख कार्यक्रम** संचालनको प्रकृति देहाय बमोजिम हुनेछ:
१.

(क) कृषि तथा पशुपंक्षीमा आधारित व्यवासायको बृहत्तर विकास तथा विस्तार सहयोग कार्यक्रम: यस कार्यक्रम अन्तरगत कृषि यान्त्रीकरण, सिंचाई सामाग्री तथा सिंचाईको लागि आवश्यक पूर्वाधार निर्माण, कृषि असल अभ्यास, कृषि एम्बुलेन्स, कृषि उपज ढुवानीका साधन, कृषक क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम, दुध तथा मासु उत्पादन तथा वजारीकरण आदि कृषि तथा पशुपंक्षी विकास शाखाले संचालन गर्नेछ ।

(ख) श्रोत केन्द्र स्थापना तथा उत्पादन सामाग्री सहयोग कार्यक्रम: कृषकहरूलाई आवश्यक पर्ने गुणस्तरिय उत्पादन सामाग्री (मल,विउ,वेर्ना,विरूवा,विषादि आदि) को उपलब्धता सुनिश्चितत गर्न श्रोत केन्द्र स्थापना गर्ने कार्यक्रम संचालन गरिनेछ । यस किसिमका कार्यक्रमले गुणस्तरिय उत्पादन सामाग्री स्थानीय स्तरमा उपलब्धताको सुनिश्चितता गराई उत्पादन लागत घटाउन र श्रोत सामाग्रीहरूमा आत्मनिर्भर गराउन सहयोग पुग्नेछ । उक्त कार्यक्रमहरू कार्यालयले आफै वा द्विपक्षीय/बहुपक्षीय संझौताका आधारमा संचालन गर्नेछ ।

(ग) व्यवासाय उन्मुख तथा व्यावसायिक कृषि विकास कार्यक्रम: यस कार्यक्रम अर्न्तगत कृषि व्यावसाय उन्मुख वा व्यावसायिक कृषक वा उद्यमीबाट उद्यमको विकास गर्नको लागि कृषक/उद्यमीहरूलाई प्रोत्साहन गर्नको लागि व्यावसाय उन्मुख उत्पादनका साथै आयमुलक तथा रोजगारी सिर्जना गर्ने व्यवासाय प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । यी कार्यक्रमहरू कार्यविधिले निर्धारण गरेको लागत साझेदारीमा आफै वा द्विपक्षीय/बहुपक्षीय संझौताका आधारमा संचालन गर्नेछ ।

२. पशुपंक्षी तथा मत्स्ये विकास कार्यक्रमको प्रकृति देहाय बमोजिम हुनेछ :

(क) श्रोत केन्द्र स्थापना तथा वंश सुधार,दुध तथा मासु उत्पादन तथा वजारीकरण एवम् विस्तार सहयोग कार्यक्रम: यस कार्यक्रम अन्तरगत कृषकलाई आवश्यक पर्ने उत्पादन सामाग्री (बोका,

रांगो,वीर,थुमा,चल्ला,भूरा,घांसका विउ,विरूवा,बेर्ना, मेशिनरी औजार/उपकरण आदि) को उपलब्धता सुनिश्चित गर्न श्रोत केन्द्र, स्थापनाका लागि उन्नत रांगो/सांढे/बोका/थुमा/वीर/चल्ला/मत्स्ये वीउ वितरण गर्ने जस्ता कार्यक्रम संचालन गरिनेछ । यस किसिमका कार्यक्रमले पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गरी स्थानीय स्तरमा उपलब्धताको सुनिश्चितता, उत्पादन लागत न्युनिकरण र श्रोत आत्म निर्भर गराउन सहयोग पुग्नेछ । यी कार्यक्रमहरू शाखाले वा द्धिपक्षीय/बहुपक्षीय संझौताको आधारमा संचालन गर्नेछ ।

३. प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको प्रकृति देहाय बमोजिम हुनेछ :

यस कार्यक्रम अन्तरगत बाली सघनतामा अभिबृद्धि गर्न तेश्रो बालीहरू चैते धान/बसन्ते मकै/सुर्यमुखिफूल/रैथाने वाली/ड्रयागन फल/थाई सिडलेस कागती/केरा/ क्षेत्रफलका आधारमा र खाद्यन्न, दलहन,तेलहन उत्पादन तथा विक्री परिणामका आधारमा प्रोत्साहन कार्यक्रममा कृषकलाई सहभागी गराई प्रोत्साहन सहयोग उपलब्ध गराइनेछ । त्यसैगरी मत्स्य ह्याचरी वा नर्सरीमा मत्स्ये बीज, दुध र माछा/मासु/अण्डा (बाखा/भेडा/बंगुर/रांगा/माछा) उत्पादन तथा विक्री परिमाणको आधारमा प्रोत्साहन कार्यक्रममा सहभागी गराइ प्रोत्साहन सहयोग उपलब्ध गराइने छ ।

४. गाउंपालिकाले ससर्त र समपूरक कार्यक्रमको प्रकृति देहाय बमोजिम हुनेछ :

गाई/भैंसी प्रवर्द्धन कार्यक्रम, बाखा प्रवर्द्धन कार्यक्रम, वंगुर प्रवर्द्धन कार्यक्रम, माछा प्रवर्द्धन, खाद्यन्न बीउ उत्पादन कार्यक्रम,मकै विउ उत्पादन कार्यक्रम, तोरी वाली प्रवर्द्धन कार्यक्रम, मसिना तथा वास्नदार धान प्रवर्द्धन कार्यक्रम,सिंचाई विशेष कार्यक्रम,कृषि यान्त्रीकरण कार्यक्रम,समुदाय लक्षित/दुग्ध प्रवर्द्धन कार्यक्रम,तरकारी/फलफूल/पुष्प नर्सरी स्थापना,श्रोत केन्द्र/सामुदायिक बीउ बैंक/भण्डार गृह/विउ संरक्षण केन्द्र सहयोग, वजार पूर्वाधार निर्माण( हाट वजार,संकलन केन्द्र,कृषि उपज वजार) च्याउ उत्पादन प्रवर्द्धन कार्यक्रम कृषक समूह/कृषि उद्यमी/कृषि फार्म/कृषि सहकारी/उपभोक्ता समिति मार्फत संचालन हुनेछ । सो कार्यक्रम संचालन गर्न प्रकृतिका आधारमा कम्तीमा ७० प्रतिशत अनुदानको सिमा निर्धारण गरिएको छ । प्राइभेट फार्म/कम्पनीहरूलाई ६० प्रतिशत र सामुहिक कार्य गर्ने प्रकृतिका कृषि सहकारीहरूलाई ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

परिच्छेद २

## १. समिति सम्बन्धि व्यवस्था

**१. निर्देशक समिति : (१) कार्यक्रम संचालन गर्न आवश्यक नीति तथा निर्देशनका लागि गाउंपालिकामा देहाय बमाजिमको निर्देशक समिति हुनेछ :**

| | |
|---|---|
| (क( गाउंपालिका प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (च) आर्थिक विकास समिति संयोजक | सदस्य |
| (छ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

समितिको वैठक आवश्यकता अनुसार बस्नेछ र कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

समितिको काम कर्तव्य र अधिकार : यस समितिको गठन बमोजिम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. नीतिगत समस्या समाधान गर्ने ।
२. आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने ।
३. प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने ।

**२. कार्यक्रम व्यस्थापन/कार्यान्वयन/मूल्यांकन समिति: (१) कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्नका लागि देहाय बमोजिमको कार्यक्रम व्य्वसथापन समिति गठन हुनेछ:**

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) पशु सेवा शाखा प्रमुख | सदस्य |
| (ङ ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

यस समितिको वैठक आवश्यकता अनुसार बस्नेछ र समितिले आवश्यकता ठानेमा बढीमा दुई जनासम्म विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**समितिको काम, कर्तव्य र अधिकार** : (१) यसरी गठन भएको कार्यक्रम व्यवसथापन/संचालन समितिको काम,कर्तवय र अधिकार देहाय बमोसिजम हुनेछ:

(क) कार्यक्रम मूल्यांकनका आधार परिमार्जन गर्न आवश्यक देखिएमा विस्तृतिकरण गरी अनुमोदन गर्ने
(ख) प्राप्त प्रस्तावहरूको मूल्यांकन गर्ने ।
(ग) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने ।
(घ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने ।

## परिच्छेद-३
## भुक्तानी प्रकृया तथा लेखा परीक्षण

### ६. भुक्तानी प्रक्रिया:

(१) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा खरिद सम्बन्धी प्रक्रिया प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

(२) संस्थागत रुपमा दर्ता भइ काम गर्ने कृषक समूह, सहकारी वा फर्म वा कम्पनीले संस्थाको आर्थिक कार्यविधि वा विनियम र कार्यालयको निर्देशन अनुसार खरिद विधि अनुसार कार्य सञ्चालन गर्न सक्नेछन्।

(३) अनुदानग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सञ्चालित भएका कृयाकलापहरुको सक्कल बिल भरपाई संलग्न राखी भुक्तानी माग गर्नु पर्नेछ।

(४) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा दुई किस्तामा अनुदानग्राहीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ। पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद जस्ता पूँजिगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टी गरी भुक्तानी गरिनेछ।

(५) उपदफा (४) मा जे सुकै लेखिएको भएपनि दुई (२) किस्तामा अनुदान प्रदान गर्दा कार्यक्रमको उद्देश्य हासिल हुने सुनिश्चितता नहुने ठानेमा सो भन्दा कम किस्तामा समेत अनुदान रकम निकासा वा भुक्तानी गर्न सकिनेछ ।

(६) कम्तीमा ५० प्रतिशत कार्य सम्पन्न भएपछि मात्र पहिलो किस्ता भुक्तानी गरिनेछ।

(७) अन्तिम किस्ताको रकम भुक्तानी वा निकासा गर्दा सो अगाडिका किस्ताको कामको वित्तीय तथा भौतिक प्रगति, सम्बन्धित प्राविधिकको निरीक्षण सहितको पुष्टयाई प्रतिवेदन प्राप्त भए पछि निकासा वा भुक्तानी गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम अन्तिम किस्ताको रकम निकासा गर्दा कामको वित्तीय तथा भौतिक प्रगति, अन्तिम किस्तामा भएको कामको प्रगति, सम्बन्धित प्राविधिकको निरिक्षण सहितको पुष्ट्याइंको प्रतिवेदन,सार्वजनिक सुनुवाई, कार्यसम्पन्न एवं कार्यस्वीकृत प्रतिवेदन हेरी जिम्मेवार निकायले आवश्यक ठानेका अन्य कुराहरु समेतको विश्लेषण गरी बजेटको परिधिभित्र रही अर्को आर्थिक वर्षलाई दायित्व बाँकी नरहने गरी निकासा तथा भुक्तानी गर्नुपर्नेछ।

(९) अनुदान रकमको अन्तिम किस्ता भुक्तानी गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस समेत पेश गर्नुपर्नेछ ।

७. **<u>लेखा तथा लेखापरीक्षण</u>** (१) कार्यक्रमको लेखा सम्बन्धित कार्यालयले राख्ने छ।

(२) उपदफा (१) बमोजिम राखिएको लेखाको लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

## परिच्छेद-४

## <u>विविध</u>

८. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>**

(१) सञ्चालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रूपमा भए नभएको सम्बन्धमा सम्बन्धित निकायले कम्तिमा त्रैमासिक रूपमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीले अनुदानबाट सञ्चालित परियोजनाको प्रगति त्रैमासिक तथा वार्षिक रुपमा सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन पश्चात विषयगत शाखाहरूकले कार्यक्रमका पूर्व निर्धारित उद्देश्य र प्राप्त उपलब्धीहरुको प्रभाव

मूल्याङ्कन गर्न सक्नेछ र त्यसरी प्रभाव मूल्याङ्कनबाट प्राप्त प्रतिवेदनको सुझावको आधारमा अनुदान सम्बन्धी नीति निर्माण गर्दा पृष्ठपोषणको रूपमा ग्रहण गर्न सकिनेछ।

९. **<u>जवाफदेहीता तथा जिम्मेवारी</u>**ः

(१) कार्यक्रम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) अनुदान रकम खर्च गर्ने सम्बन्धमा सम्बन्धित अनुदानग्राही समेत जिम्मेवार हुनेछ ।

(३) अनुदानग्राहीले कार्यक्रमको उद्देश्य बमोजिम अनुदान रकमको पुर्ण सदुपयोग एवम् उपलब्धी लिने गरी दिगो रूपमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। आवश्यक ठानेमा कार्यालयले आचारसंहिता बनाई लागु गराउनेछ।

**१०. <u>समन्वय र सहकार्य</u>**ः कार्यालय वा अनुदानग्राहीले अनुदानबाट सञ्चालन गरिने कार्यक्रम सम्भव भएसम्म नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा समेत गर्न सकिनेछ ।

**११. <u>सूचना सम्प्रेषण</u>ः** लक्षित वर्ग समूहको पहुँचमा सूचना प्रवाह हुनेगरी सम्भव भएसम्म सबै किसिमका सञ्चार माध्यम प्रयोग गरी कार्यालयले सूचना प्रवाह गर्नु पर्नेछ ।

**१२. <u>पुरस्कार, सम्मान तथा असुली</u>**ः

(१) अनुदान रकम शर्त अनुरुपका क्षेत्रमा प्रयोग गर्ने, कम लागतमा गुणस्तरीय कार्य सम्पादन गर्ने, नियमित प्रतिवेदन गर्ने, समय अगावै कार्य सम्पादन गर्ने निकायका उत्कृष्ट जिम्मेवार प्रमुखलाई समितिको सिफारिसको आधारमा कार्यालयले सम्मान गर्न सक्नेछ।

(२) अनुदान रकमको दुरूपयोग गर्ने, तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदानग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (२) बमोजिमका अनुदानग्राहीहरूको जिम्मेवार प्रमुखको नाम नामेसी विवरण समेत कार्यालयले सार्वजनिक गर्न सक्नेछ।

(४) अनुदानग्राहीले दोहोरो अनुदान नलिएको भनी अनुसूची-४१ बमोजिम स्वःघोषणा गर्नु पर्नेछ। यदि दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१३. **सार्वजनिक सेवा सुविधा वञ्चित गर्न सकिनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकम दुरूपयोग, हिनामिना वा अन्य क्षेत्रमा प्रयोग गरेको प्रमाणित हुन आएमा कार्यालयले प्रचलित कानूनले तोकेको सार्वजनिक सेवा प्रदान गर्ने निकाय समक्ष सार्वजनिक सेवा सुविधाबाट वञ्चित गर्न लेखी पठाउन सकिनेछ।

१४. **प्राविधिक जाँचपास गर्नुपर्नेः** प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकायले तोकेको परियोजना तथा कार्यक्रमको लागत अनुमान, लेआउट, डिजाइन सम्बन्धित विषयको यस गाउंपालिकाको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

१५. **हिसाब फरफारक गर्नुपर्नेः** कार्यक्रम सञ्चालन गर्ने निकायले प्रत्येक आर्थिक वर्षको अन्त्यमा अनुदानमा सञ्चालन हुने कार्यक्रमको फरफारक गर्नुपर्नेछ |

१६. **बाधा अड्काउ फुकाउः** यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा गाउंपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

१७. **संशोधनः** यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकरी बनाउन गाउंपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

## परिच्छेद ५

**कृषि विकास कार्यक्रमहरूको विवरण :** स्वीकृत बार्षिक कार्यक्रम अनुसारको संलग्न मापदण्ड, संचालन गरिने क्रियाकलापहरू र अनुदान सीमा रकमका आधारमा देहाय बमोजिम संचालन गरिनेछ ।

१. कृषकसंग पालिका प्रमुख कार्यक्रम संचालन गर्दा कृषि यान्त्रीकरण कार्यक्रमलाई कृषकको आवश्यकता अनुसार आधुनिक कृषि यान्त्रहरू ७० प्रतिशत अनुदानमा वितरण गरिनेछ, यान्त्रीकरण कार्यक्रमको लागि बढीमा २० लाख सम्म अनुदान दिन सकिने छ । कृषक समुह,कृषि सहकारी, उपभोक्ता समिति, कृषि फार्महरूले प्रकाशन गरिएको सूचना अनुसार प्राप्त आवेदनहरूको अनुगमन गरी छनौट गरिनेछ ।

२. सिंचाई सम्बन्धिका सम्पूर्ण उपकरण, कुलो निर्माण, पोखरी निर्माण, मोटर, पम्पसेट, डेलिभरी पाइप, वर्षातको पानी संकलन गर्ने जस्ता कार्यक्रमहरूको सूचना प्रकाशन गरी प्राप्त आवेदनहरूको अनुगमन गरी छनौटमा परेका कृषक समूह,कृषि उद्यमी, कृषि सहकारी, उपभोक्ता समितिलाई ७० प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ ।

३. कृषि उपजलाई ढुवानी गर्नका लागि ढुवानीका साधनहरूमा (साइकल, अटोरिक्शा, पिकअप भ्यान ) ७० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ । यसको लागि सुचना मार्फत आम कृषकहरूलाई जानकारी दिइनेछ र कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी, उपभोक्ता समिति मार्फत आवेदनहरूको अनुगमन गरी छनौटमा परेकालाई मात्र उपलब्ध गराउन सकिनेछ ।

४. कृषि एम्बुलेन्स संचालन गर्न इच्छुक कृषक समूह, कृषि सहकारी संस्था, कृषि उद्यमी, उपभोक्ता समितिलाई ७० प्रतिशत अनुदानमा एम्बुलेन्स उपलब्ध गराउन सकिनेछ, बढिमा रू.१५ लाखसम्म अनुदान दिन सकिनेछ । प्राप्त आवेदनहरूको अनुगमन गरी छनौटमा परेका कृषक समूह,कृषि सहकारी संस्था, कृषि उद्यमी, उपभोक्ता समितिसंग साझेदारीमा पनि कार्यक्रम संचालन गर्न सकिनेछ ।

५. कृषक कल सेन्टर स्थापना गरी कृषकहरूका समस्याहरूको समाधान गर्ने उद्येश्यले पालिकामा कृषक कल सेन्टरको स्थापना गर्न सकिनेछ । स्वीकृत कार्यक्रम अनुसार कर्मचारीको व्यवस्था गरिनेछ । कृषकहरूले निशुल्क कल गरी कृषि विज्ञहरूबाट जानकारी लिन सक्नेछन् । यस कार्यक्रमको लागि कृषि विज्ञलाई पारिश्रमिक स्वरूप रू.२०००/ प्रति कार्यक्रम उपलब्ध गराउन सकिनेछ। कार्यक्रम प्रसारण तथा उत्पादनमा खटिने कर्मचारीलाई रू.१०००/ का दरले प्रति दिन भत्ता उपलब्ध गराउन सकिनेछ ।

६. कृषकहरूको कामको मूल्यांकन गरी उत्साहित गराउन पालिका प्रमुख उत्कृष्ट कृषकलाई पुरस्कृत गर्न सकिनेछ । यस्को लागि स्वीकृत कार्यक्रम अनुसार पालिका भित्रका कृषि तथा पशुपंक्षीका गतिविधि गरेका उत्कृष्ट कृषकहरूको

छनौट गरी पुरस्कार सहित सम्मान गरिनेछ । पुरस्कार रकम निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

७. हाईटेक/सेमी हाईटेक ग्रीन हाउस निर्माणका लागि आवश्यक पर्ने औजार उपकरणहरू, मल, बीऊ विजन, स्प्रेयर, आदिमा ७० प्रतिशत अनुदानमा सुचना अनुसार प्राप्त भएका आवे्दनहरूको अनुगमन गरी छनौटमा परेका कृषक समुह,कृषि सहकारी, कृषि उद्यमी, उपभोक्ता समितिलाई उपलब्ध गराउन सकिनेछ ।

८. कार्यालय परिसरमा आधुनिक कृषि प्रविधिहरूको प्रदर्शनी गरी आम जन समुदायमा प्रविधिको वारेमा जनचेतना जगाउने उद्धेश्यले नमूनाको रूपमा प्रदर्शनी स्थलको स्थापना स्वीकृत कार्यक्रम अनुसार वजेटको परिधि भित्र रही कार्यक्रम संचालन गर्न सकिनेछ ।

९. प्रांगारिक मलमा ७० प्रतिशत अनुदान कार्यक्रम संचालन गर्नको लागि सूचना प्रकाशन गरी प्राप्त आवेदनहरूको अनुगमन गरी छनौटमा परेका आवेदकहरूलाई वजेटको परिधि भित्र रहि ७० प्रशितसम्म अनुदान दिन सकिनेछ ।

१०. समुदायमा आधारित नमूना प्रागारिक क्षेत्र विकास कार्यक्रम संचालन गर्नको लागि कम्तीमा १५ घरधुरी भएको क्षेत्रमा समुह गठन गरी प्रांगारिक खेती उत्पादन,वजारीकरण,प्रमाणिकरणका गतिविधिहरू संचालनमा सहयोग गर्न आवश्यक पर्ने मल, बीऊ,कम्पोष्टमल तथा जैविक विषादि उत्पादन, बेर्ना, सिंचाई लगायतका कार्यक्रमहरू संचालन गरिनेछ र उक्त सामुदायिक पूर्वाधारमा र औजार उपकरणमा ७० प्रतिशत रकम अनुदान दिन सकिनेछ, अनुदान रकम बढिमा रू.२० लाख सम्म हुनेछ ।

११. च्याउ उद्योग स्थापना र संचालन कार्यक्रम (सिताके,कन्ये,गोव्रे,गानोडर्मा अन्य) गरी च्याउ उत्पादन तथा प्रशोधनको उद्धेश्य लिई प्रचलित नियमअनुसार दर्ता भएका कम्पनी,कृषक समुह,सहकारी, कृषक उद्यमी हुनु पर्नेछ र न्यूनतम ५०० कि.ग्रा. बीउ प्रयोग गरी उत्पादन व्यावसाय गरेको हुनु पर्ने, प्रस्ताव तयार गर्दा भौतिक पूर्वाधार निर्माणका डिजाइन लागत ईस्टिमेट, औजार उपकरणको को आधुनिक प्रविधियुक्त च्याउ घर/च्याउको टहराहरू निर्माण/सुधार, प्याकेजिंग, लेवेलिंग, वजारीकरण सहयोगका लागि आवश्यक पर्ने अन्य सामाग्रीहरू चिस्याउन तथा सुकाउने मेसिनहरू, वजारीकरणको लागि ढुवानी साधन खरिदमा वजेटको परिधि भित्र रहि ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

१२. आवश्यकतामा आधारित कृषि/पशुपंक्षी विकास सहयोग कार्यक्रम संचालनको लागि गाउंपालिकाबाट अनुगमनको क्रममा कृषकको माग उपयुक्त देखि अनुगमनकर्ताबाट लेखि आएको खण्डमा कृषकहरूको सामान्य आवश्यकत पूरा हुने खालका वस्तुगत/प्रविधिगत सहयोग उपलब्ध गराउन सकिनेछ । अनुगमनकर्ताबाट कार्यालयमा प्राप्त कृषकको निवेदन र आवश्यक कागजात जांचबुझ गरी कृषि, पशुपंक्षी तथा मत्स्य उत्पादन, प्रशोधन तथा वजारीकरणमा सहयोग हुने यन्त्र,उपकरण तथा अन्य सामाग्रीहरू कार्यालयले उपलब्ध गराउन सक्नेछ । कार्यालयले प्रति कृषक अधिकतम् रू.५० हजारसम्म वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ ।

१३. खाद्यन्न बीऊ प्रशोधन तथा बीऊ उत्पादन पूर्वाधार निर्माण कार्यक्रम संचालनको लागि कृषक समुह,कृषि सहकारी संस्था,कृषि उद्यमी, कम्पनीलाई वजेटको परिधि भित्र रही वार्षिक २० टन खाद्यन्न वालीको विउ प्रशोधन तथा भण्डारण गर्ने प्रतिवद्धता भएको, पूर्वाधार निर्माणका लागि कम्तीमा १.५ कट्ठा जमीन स्वामित्वमा रहेको वा कम्तिमा पनि १० वर्षको जग्गा भाडामा लिएको, कम्तीमा एक वर्षदेखि खाद्यन्न वालीको विज बृद्धि कार्यमा अग्रसर रहेको, खाद्यन्न वीउ प्रशोधनका लागि आवश्यक औजार उपकरण खरिद गर्न, गोदाम घर निर्माण गर्न,थ्रेसिंग फ्लोर निर्माण, सेड हाउस आदि निर्माणको लागि वजेटको परिधि भित्र रही स्वीकृत कार्ययोजनाको कुल लागतको ७० प्रतिशत रकम अनुदान उपलब्ध गराउन सकिनेछ । प्राइभेट फार्म/कम्पनीहरूको हकमा ६० प्रतिशत रकम अनुदान र सामुहिक कार्य गर्ने प्रकृतिका कृषि सहकारीलाई ७० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

१४. संसारको सवैभन्दा बढि गुणले परिपूर्ण भएको शीतलचीनि (Moringa) जस्तो बहुगुणी फलफूल तथा तरकारीको रूपमा प्रयोग गर्न उपयुक्त मानिएको विरूवा वितरण कार्यक्रम संचालनको लागि एक घर एक विरूवाको अवधारणा अनुसार कृषकसंग पालिका प्रमुख कार्यक्रमबाट नि:शुल्क रूपमा कृषकलाई उपलब्ध गराइनेछ ।

१५. अन्न भण्डारण गरी खाद्य सुरक्षा गर्ने उद्धेश्यले खाद्यन्न उत्पादन गर्ने किसानहरूलाई शतप्रतिशत अनुदानमा नमुनाको रूपमा पिक्स व्याग (Storage Bag) उपलब्ध गराउनको लागि निश्चित रकम खर्च गर्न सकिनेछ ।

१६. किसान सूचिकरण कार्यको लागि घर घरमा गई तथ्यांक संकलन गर्ने गणकलाई पारिश्रमिक स्वरूपको रकम खर्च गर्न सकिनेछ । प्रति घरधुरी कम्तीमा रू. ७५ का दरले रकम उपलब्ध गराउन सकिने छ ।

१७. यस गाउंपालिकामा वसोवास गर्ने कोही पनि नागरिकहरू कुपोषणका महामारीबाट ग्रसित हुनबाट बचाउनको लागि अल्प संख्यक, दलित,महिला, गर्भवती महिला, ज्येष्ठ नागरिकहरूका लागि पोषणयुक्त तरकारीका किटहरू वितरण गर्न सकिनेछ । प्रति घरधुरीलाई रू.२५०/ रकम खर्च गर्न सकिनेछ ।

१८. कृषि उपज उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन दिनको लागि उत्पादनमा आधारित प्रोत्साहन स्वरूप नगद रकम उपलब्ध गराउन सकिनेछ । उक्त प्रोत्साहन प्राप्त गर्न किसानले खाद्यन्न वालीको हकमा कम्तीमा धान वाली ५० क्वीन्टल, गहुं वाली २० क्वीन्टल, मकै वाली कम्तीमा २० क्वीन्टल उत्पादन गरेको हुनु पर्नेछ । तेलहन वालीको हकमा कम्तीमा २ क्वीन्टल, दलहन वालीको उत्पादन कम्तीमा ३ क्वीन्टल, रैथाने वालीको हकमा कोदो कम्तीमा १ क्वीन्टल, फापर १ क्वीन्टल उत्पादन, जौ वालीको हकमा कम्तीमा १ क्वीन्टल उत्पादन गरेको हुनु पर्नेछ । प्रति क्वीन्टल खाद्यन्न वालीका लागि बढीमा रू.५००/, रैथाने वालीका लागि रू.१०००/ (एक हजार) सम्म प्रोत्साहन स्वरूप नगद रकम उपलब्ध गराउन सकिनेछ । खाद्यन्न वालीको हकमा बढीमा १०० क्वीन्टल सम्मको उत्पादनलाई समेटिनेछ ।

१९. कृषि खेती गरी वैजनाथ गाउंपालिकाकालाई खाद्यन्न तथा तरकारी लगायतका वाली विरूवा लगाउने व्यावसायिक कृषकहरूलाई सिंचाईको लागि प्रयोग गर्न कृषि मिटर जडानमा लाग्ने खर्च रकम रू.३०००/ किसानसंग पालिका प्रमुख कार्यक्रमबाट उपलब्ध गराउन सकिनेछ ।

२०. किसानसँग पालिका प्रमुख कार्यक्रम कार्यविधिमा साना तथा बिपन्न किसानलाई निजहरु बिपन्न हो होइन ? सम्बन्धित वडा कार्यलयको सिफारिश वा आवश्यक कागजातहरुको आधारमा परिच्छेद २ को १ बमोजिमको समितिले पहिचान गरि निर्णय गरि निर्णय गरि सिफारिस गरेमा पूर्ण अनुदान दिन सकिनेछ ।

**५. (ख) पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रमको विवरण** :स्वीकृत बार्षिक कार्यक्रम अनुसारको संलग्न मापदण्ड, सञ्चालन गरिने क्रियाकलापहरू र अनुदान सीमा रकमका आधारमा देहाय बमोजिम सञ्चालन गरिनेछ।

१. गाई, भैसी पालन नमूना फार्म संचालन गर्ने व्यावसायीलाई फार्म संचालन गर्न आवश्यक पर्ने उत्पादनका आधुनिक सामाग्रीहरू ७० प्रतिशत अनुदानमा उपलब्ध गराउन सक्नेछ । यसको लागि नमुना फार्म संचालनकर्ताले कम्तीमा ५ वटा माउ भैंसी वा गाई पालन गरेको हुनु पर्नेछ । गाई भैसी पालन गर्दा अपनाइने सम्पूर्ण मापदण्ड परिपालन गरी व्यवसाय संचालन गरेको हुनु पर्नेछ । प्राइभेट फार्म/कम्पनीहरूको हकमा ६० प्रतिशत रकम अनुदान र सामुहिक कार्य गर्ने प्रकृतिका कृषि सहकारीलाई ७० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

२. बाख्रा पालन नमूना फार्म संचालन गर्ने कृषक व्यावसायीलाई फार्म संचालन गर्न आवश्यक पर्ने उत्पादनका आधुनिक सामाग्री/उपकरणहरू ६० देखि ७० प्रतिशत अनुदानमा उपलब्ध गराउन सक्नेछ । उक्त व्यावसाय संचालन गरेको कृषक व्यावसायीले कम्तीमा २५ वटा उन्नत जातका माउ पाठीहरू पालन गरेको हुनु पर्नेछ र यो व्यावसाय संचालन गर्दा न्यूनतम मापदण्डहरू परिपालन गरेको हुनु पर्नेछ । प्राइभेट फार्म/कम्पनीहरूको हकमा ६० प्रतिशत रकम अनुदान र सामुहिक कार्य गर्ने प्रकृतिका कृषि सहकारीलाई ७० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

३. कुखुरा पालन व्यवासाय संचालन गरी मासु तथा अण्डा उत्पादन गर्ने उद्धेश्यले आधुनिक प्रविधिहरूको प्रयोग गरी व्यवसाय संचालन गरेको व्यवसायीले माग गरेको साामग्रीहरू आवश्यकताको आधारमा ६० देखि ७० प्रतिशत अनुदानमा कृषकसंग पालिका प्रमुख कार्यक्रमले उपलब्ध गराउन सक्नेछ । सो व्यावसायीले कम्तीमा पनि ५०० वटा स्थानीय जातका कुखुरा र उन्नत जातका लेयर्स कुखुरा १००० वटा पालन गरेको हुनु पर्नेछ । प्राइभेट फार्म/कम्पनीहरूको हकमा ६० प्रतिशत रकम अनुदान र सामुहिक कार्य गर्ने प्रकृतिका कृषि सहकारीलाई ७० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

४. माछा पालन व्यवासाय संचालन गरी माछाको बढ्दो मागलाई परिपूर्ति गर्ने उद्धेश्यले संचालन भएको नमुना माछा पालक कृषकलाई माछा भूरा, पोखरी निर्माण तथा मर्मत संभार, माछा पक्रने जाल तथा अन्य सामाग्रीहरू ६० देखि ७० प्रतिशत अनुदानमा उपलब्ध गराउन सक्नेछ । साथै नमूना माछा पालक कृषक हुनका लागि कम्तीमा २० कट्ठा जमीनमा माछा पालन गरेको हुनु पर्नेछ । प्राइभेट फार्म/कम्पनीहरूको हकमा ६० प्रतिशत रकम अनुदान र सामुहिक कार्य गर्ने प्रकृतिका कृषि सहकारीलाई ७० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

५. बंगुर पालन व्यवासाय संचालन गरेका कृषकहरूलाई प्रोत्साहन गर्नको लागि बंगुरको उत्पादन बढाउनको लागि आवश्यक पर्ने चारा मेशिन, दाना, खोर निर्माण सामाग्री, ढुवानीका साधन आदिमा ६० देखि ७० प्रतिशत अनुदान रकम उपलब्ध गराउन सक्नेछ । यस्तो व्यवासायीले वातावरणमा प्रतिकुल असर नपार्ने गरी व्यवसाय संचालन गरेको हुनु पर्नेछ । कम्तीमा पनि ५ वटा माउ बंगुर पालन गरेको हुनु पर्नेछ । प्राइभेट फार्म/कम्पनीहरूको हकमा ६० प्रतिशत रकम अनुदान र सामुहिक कार्य गर्ने प्रकृतिका कृषि सहकारीलाई ७० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

यस कार्यविधिमा रही कार्यक्रम संचालन गर्दा कुनै विषयमा कुरा बाझिन गएमा वा  समस्याहरू आएको खण्डमा कार्यक्रम कार्यान्वयन समितिले अध्ययन गरी पालिका प्रमुख ज्यूसंग समन्वय गरी कर्यक्रम संचालन गरिनेछ । यस कार्यविधिका विषयमा आवश्यक छलफल, पारिमार्जन, संशोधन गर्न गराउन सकिनेछ ।

## अनुसुचि १

## निवेदनको ढांचा

मिति :

श्री कार्यालय प्रमुख ज्यू,
.......................वैजनाथ गाउंपालिका,रामपुर,बांके ।
विषय: **कृषकसंग पालिका प्रमुख कार्यक्रममा सहभागिताको लागि प्रस्ताव सहितको निवेदन सम्बन्धमा ।**
प्रस्तुत सन्दर्भमा तहां कार्यालउबाट मिति.............मा प्रकासित भएको सूचना अनुसार ...............कार्यक्रममा सहभागि हुन इच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरूको अधिनमा रहि कार्यक्रम संचालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छु/छौं ।
संलग्न कागजातहरू:

| | | |
|---|---|---|
| प्रस्तावकको निवेदन | छ | छैन |
| दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि | | |
| स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि | | |
| कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाको सिफारिस पत्र | | |
| अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि | | |

| | | |
|---|---|---|
| नागरिक्ता प्रमाण पत्रको प्रतिलिपि | | |
| अनुमाणित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा) | | |
| जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा (करार पत्र) | | |

माथि उल्लेखित विरण तथा कागजातहरू सहि सत्य छन् । विगत तिन वर्षदेखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदना बाहेक यसै प्रकृतिको कामका लागि अनुदान लिएको छैन ।

निवेदक :
दस्तखत :
ठेगाना :
सम्पर्क नं.
संस्थाको छाप

## अनुसूची– २

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाँचा (कृषि तर्फ)

कार्यक्रमको नामः

जिल्लाः गा.पा./न.पा./उप/महा.न.पा.:

वडा नं.: टोलः गाउँः सम्पर्क नः

कृषक/समुह/सहकारी/फर्म/कम्पनीको नामः

सम्पर्क ब्यक्ति वा सञ्चालकको नामः सम्पर्क नं (अनिवार्य)...............

१. व्यवसायको परिचयः तपाईंले के कस्तो काम गर्न खोज्नु भएको हो किन कसरी र कहिले गर्न खोज्नु भएको हो भन्ने कुरा लेख्नुहोस्?

गर्न खोजेको कामः

किन गर्नेः

कसरी गर्नेः

कहिले गर्नेः

२. उद्देश्यहरु : मूख्यतया के उद्देश्यका लागि अनुदान लिन चाहनु भएको हो?

क उत्पादन गर्ने ( ) ख प्रशोधन गर्ने ( ) ग बजारिकरण गर्ने ( ) घ अन्य ................( )

३. कृषि व्यवसायमा अनुभव : अनुदान लिन चाहनु भएको विषयमा तपाईसंग कति वर्ष काम गरेको अनुभव छ ?..........................वर्ष

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

.............................. गापा/नपा ...................... गाउँटोल ........ सदरमुकामबाट कति टाढा छ? ................................ किमि

उक्त स्थानमा हाल लगाईएका प्रमुख बालीहरुः

१. २. ३.

सडकको पहुँचः पक्की सडक ( ) कच्ची सडक ( ) मौसमी सडक ( ) नभएको ( )

५. व्यवसाय सञ्चालनका लागि आवश्यक रहेका पूर्वाधारहरुः तपाईंले व्यवसाय सञ्चालन गर्न खोज्नु भएको ठाउँमा निम्न सुविधाहरु छन् कि छैनन् छन् भने कस्ता छन्? छ ( ) /छैन ( )।

यदि छ भने सिंचाईको स्रोतः कुलो..../ पोखरी..../बोरिङ्ग...../अन्य.......... आदि।

वर्ष भरी सिंचित क्षेत्रफल...... मौसमी क्षेत्रफल........ असिंचित क्षेत्रफल......

भण्डारण सुविधा छ /छैन छ भने के हो? ................................

यन्त्र/उपकरणः तपाईंले के कस्ता कृषि यन्त्र उपकरणहरुको प्रयोग गर्ने गर्नु भएको छ?

| यन्त्र उपकरणहरुको नाम | संख्या |
|---|---|
| क. | |
| ख. | |
| ग. | |
| घ. | |

अन्य पूर्वाधार संरचनाहरु के के छन? (उल्लेख गर्ने)

| पूर्वाधार संरचनाहरु | किसिम | क्षमता |
|---|---|---|
| क. | | |
| ख. | | |
| ग. | | |

६. तालिम सम्बन्धी विवरण : तपाईंले अनुदान माग गर्नुभएको विषयमा तालिम लिनु भएको छ कि छैन, छ भने कुन विषयमा कति दिनको र कहिले कसले दिएको हो? प्रतिलिपि सहित राख्नुहोस।

| क सं | तालिमको विषय | अवधि | | तालिम दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | देखी | सम्म | | |
| | | | | | |

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्ययोजना विवरणः

| क्र.सं. | क्रियाकलापहरु | परिमाण | दर | कूल लागत रु | माग गरेको | प्रस्तावकको साझेदारी | संपन्न हुने समयावधि |
|---|---|---|---|---|---|---|---|

| | | | | | अनुदान रकम रु | रकम रु | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

८. उत्पादन सामग्री तथा उत्पादित बाली/ वस्तुको बजार योजनाः

| उत्पादन सामग्रीको किसिम | खरीद गरिने स्थान | उत्पादन हुने बाली/बस्तुको नाम | बिक्री गर्ने स्थान | अनुमानित उत्पादन (परिमाण क्वि.) | प्रचलित विक्री मुल्य | आम्दानी रू. |
|---|---|---|---|---|---|---|
| बीउ | | | | | | |
| विरुवा | | | | | | |
| मल | | | | | | |
| विषादी | | | | | | |
| औजार /यन्त्र उपकरण | | | | | | |
| अन्य | | | | | | |

९. प्रस्तावित व्यवसायमा संलग्न हुने कृषकहरुको विवरण (समूह/सहकारी/समितिको हकमा)

| क्र.स. | नामथर | ठेगाना | खेती गरिने बाली/बस्तु | क्षेत्रफल (कठ्ठा/रोपनी) | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| *नोटः यो तालिका अनुसारको विवरण राखी वैठकबाट निर्णय गरि पठाउने।* | | | | | |

१०. प्रस्तावित योजना सञ्चालन पश्चात विक्री योग्य उत्पादन हुने हुन्छ ? हुन्छ ( )/हुँदैन ( ) वा खेति प्रणालीमा मात्र सुधार हुन्छ ( ) ? विक्रि योग्य उत्पादन हुने भए परिमाण .............. क्वि.

कृषि उपज विक्री सम्बन्धी सम्झौताः भएको ( )/नभएको ( ) (बिक्रि सम्झौता भए प्रतिलिपी राख्ने)

११. सञ्चालन हुने कार्यक्रमबाट वातावरणमा नकारात्मक प्रभाव पर्छ ( )/पर्दैन ( ) पर्ने भए प्रभाव न्यूनिकरणका लागि के गर्नु हुन्छ?.................................................

कार्यक्रमबाट थप हुने रोजगारी श्रृजनाः

- स्वरोजगार कति जना? (आफ्नो घरको मात्र) ......................
- स्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक)..................
- अस्थायी रोजगारी कति जना? (आफ्नो घर परिवार बाहेक)................

१२. व्यवसाय दिगो हुने आधारहरूः क. ख. ग.

आवेदकको तर्फबाट सही गर्नेको नामः

दस्तखतः

पदः

सम्पर्क नः

सस्थाको छाप

मितिः

*द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले कार्ययोजनाको ढाँचा थप/घट गरि परिमार्जन गरी छुटै पानामा तयार गर्न सक्नेछ ।*

## अनुसूची– ३

(परिच्छेद ५ को दफा ५ खण्ड (ख) संग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना (पशुपन्छी तर्फ)

कार्यक्रमको नामः

जिल्लाः गा.पा./न.पा./उ.न.पा.: वडा नं.: टोलः गाउँः

आवेदकको नामः

सञ्चालक/अध्यक्षको नामः सम्पर्क नं
:

१. व्यावसायको परिचयः

२. उद्देश्यहरु :

३. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

४. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

| पूर्वाधार संरचनाहरु | किसिम | क्षमता |
|---|---|---|
| क. | | |
| ख. | | |
| ग. | | |

५. व्यवसाय सम्भाव्यताका आधारहरू (उत्पादन, प्रशोधन, प्रवर्द्धन र बजारिकरणका सम्भागहरू बारे विस्तृत विवरण)

क. .......................

ख. .......................

ग. .......................

घ. .......................

६. पशुपन्छी पालन व्यवसायमा अनुभवः

७. तालिम सम्बन्धी विवरण :

८.सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलापहरू | अनुदान रु. | संस्थागत लगानी रु. | अन्य निकायको अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

११. प्रस्तावित व्यवसायमा संलग्न हुने कृषकहरुको विवरण (समूह/सहकारी/समितिको हकमा)

| क्र.स. | नामथर | ठेगाना | पशु/बस्तु | संख्या | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| *नोटः यो तालिका अनुसारको विवरण राखी बैठकबाट निर्णय गरि पठाउने।* | | | | | |

१०. वस्तु उत्पादन तथा बजार योजनाः

| उत्पादन हुने पशु/बस्तुको नाम | संख्या | उत्पादन | अनुमानित उत्पादन (परिमाण के.जी. वा लि.) | प्रचलित विक्री मुल्य | आम्दानी रू. |
|---|---|---|---|---|---|
| बोका/भेंडा | | मासु | | | |
| गाइ/भैंसी | | दुध | | | |
| कुखुरा | | अण्डा | | | |

११. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तताः ( ) प्रभाव पार्ने वा ( ) नपार्ने

१२. व्यवसाय दिगो हुन्छ भन्ने आधारहरुः

क. ......................

ख. ......................

## अनुसुची- ४

## दफा ५ संग सम्बन्धित

## (मागमा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम)

## कार्यक्रम माग निवेदनको ढाँचा

श्री प्रमुख ज्यू, मिति ..................
कृषि ................................,
लुम्बिनी प्रदेश, नेपाल

विषयः मागमा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम माग गरिएको बारे।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति...................................... मा प्रकाशित गरिएको सूचना अनुसार **मागमा आधारित कृषि/पशुपन्छी विकास** कार्यक्रममा सहभागी इच्छुक भएकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका कागजातहरू यसै पत्रसाथ संलग्न गरी यो कार्यक्रम माग पेश गरेका छु/छौं।

**संलग्न कागजातहरु:**

| प्रस्तावकको निवेदन | छ | छैन |
|---|---|---|
| नागरिकता प्रमाणपत्रको प्रतिलिपि | | |
| दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि | | |
| कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र | | |
| जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र) | | |

| | | |
|---|---|---|
| अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि | | |
| अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा) | | |
| अनुदानग्राहीले सोही कार्यको लागि विगत तीन वर्ष भित्र अनुदान रकम नपाएको स्वःघोषणा पत्र । | | |

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:

संस्थाको छाप

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

# अनुसूची-५

## (परिच्छेद ५ को १८ बमोजिम)

## प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन चाहने इच्छुकले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्री ................ ज्यू,

.................................................।

विषयः प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा सहभागिता सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा मिति .......................... मा प्रकाशित सूचना अनुसार यस ..............................ले उत्पादन ................. बाली/वस्तु प्रतिफल (उत्पादन प्रवर्द्धन) मा आधारित कृषक सहयोग कार्यक्रममा समावेश हुन ईच्छुक रहेकोले तपसिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेका छौं।

**तपसिल** :

| १. समूह/सहकारी वा सस्था वा कम्पनी दर्ता/ नवीकरणको प्रमाणपत्र | **छ** | **छैन** |
|---|---|---|
| २. कर चुक्ता प्रमाणपत्र | | |
| ३. संस्थाको हकमा गत वर्षको लेखापरीक्षणको प्रतिवेदन | | |
| ४. कार्ययोजना | | |
| ५. कार्यक्रम सञ्चालन भएको स्थलको फोटोहरु | | |
| ६. सम्बन्धित स्थानीय तहको सिफारिस | | |
| ७. अन्य उल्लिखित कागजातहरू | | |

निवेदक

दस्तखत :

नाम :

ठेगाना :

सम्पर्क नं.:
संस्थाको छाप

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

### क) प्रस्ताव मूल्याङ्कनका आधारहरु (प्रारम्भिक मुल्यांकन)

सुचनामा माग गरिएको कागजात तथा मापदण्ड पुगे/नपुगेको आधारमा कार्यालयले योग्यता पुगेका प्रस्तावहरुलाई मात्र स्थलगत मुल्यांकनको लागि छनोट गर्नुपर्ने ।

### ख) प्रस्ताव मूल्याङ्कनका आधारहरु (स्थलगत निरक्षण मुल्यांकन)

जिल्ला:

आवेदक संस्थाको नाम:                                        सम्पर्क व्यक्ति र नम्बर:

प्रस्तावित कार्यक्रमको नाम:
कार्यक्रम सञ्चालन स्थलको ठेगाना:

**मूल्याङ्कन फाराम**

| क.सं. | विवरण (सूचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधार र संभावनाको अवस्था | २० | | |
| २. | व्यवसाय व्यवस्थापनको अवस्था र संभावना | १० | | |
| ३ | प्राविधिक रूपमा उपयुक्त स्थान वा अवस्थिति | १० | | |
| ४ | रोजगारी सृजनाको अवस्था (प्रति १ जना १ अंक दिने) | ५ | | |
| ५ | वातावरणीय/सामाजिक प्रभाव | ५ | | |
| ६ | उत्पादित वस्तुको बजार योजना | ५ | | |
| | *आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण* | ५ | | |

| क्र.सं. | विवरण (सूचक) | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| | *सुनिश्चितता (आफ्नै आउटलेट भएको)* | | | |
| | *उत्पादित वस्तुको सम्झौता गरी बजारीकरण गर्ने* | ३ | | |
| | *बजारीकरणको लागि आफ्नै आउटलेट नभएको, सम्झौता पनि नभएको, अनौपचारिक बजारिकरण भएको* | २ | | |
| ७ | सम्बन्धित व्यवसाय विस्तार गर्न सक्ने क्षमता, निरन्तरता र उत्पादकत्व बृद्धि हुन सक्ने सम्भावना | ५ | | |
| ८. | आर्थिक पक्ष तथा लगानी क्षमता, सम्बन्धित ब्यवसायको अनुभव | ५ | | |
| ९ | सम्बन्धित विषयमा तालिम/अध्ययन गरेको वा सम्वन्धित विषयमा बैदेशिक रोजगारीको अनुभव (कम्तीमा १ वर्ष) | ५ | | |
| १० | जग्गाको उपलब्धता *(भए १० नभए ०)* | १० | | |
| ११ | समावेशीता *(दलित, मुक्त कमैया, हलिया, महिला, मुस्लिम, मधेशी, जनजाति, पिछडावर्ग ५) अन्य ०* | ५ | | |
| १२ | अन्य बस्तुगत अवस्था *(राम्रो ५ ठीकै ३ सन्तोषजनक २, कमजोर ०)* | ५ | | |
| | जम्मा | १०० | | |
| *मूल्याङ्कन मापदण्डको कूल अंकको कम्तीमा ४० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र छनोटका लागि प्राथमिकिकरण सूचिमा समावेश गरिनेछ।* | | | | |

द्रष्टव्य: कार्यक्रमको उद्देश्य अनुसार सूचकको विस्तृतीकरण गर्नु परेमा विस्तृतीकरण सहित अङ्क विभाजन गरी मूल्याङ्कन गर्न सक्नेछ। तर सूचकमा थपघट गर्नु परेमा पालिकाको स्वीकृति लिनु पर्नेछ।सूचना प्रकाशन पूर्व नै विस्तृतीकरण र स्वीकृती लिने काम सम्पन्न गर्नुपर्नेछ।

## अनुसूची-६

## <u>निवेदनको ढाँचा</u>

श्री प्रमुख ज्यू, मितिः .........................

.................................... (कार्यालयको नाम),

................................, लुम्बिनी प्रदेश।

विषयः ....................... कार्यक्रम संचालनको लागी प्रस्ताव सहितको निवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा तहां कार्यालयबाट मिति ..............मा प्रकाशित भएको सूचना अनुसार ....................................................... कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिका आवश्यक कागजातहरू संलग्न गरी यो प्रस्ताव सहित निवेदन पेश गरेका छु/छौं।

**<u>संलग्न कागजातहरुः</u>**

| प्रस्तावकको निवेदन | छ | छैन |
|---|---|---|
| दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि | | |
| स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि | | |

| | | |
|---|---|---|
| कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव | | |
| सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र | | |
| अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि | | |
| नागरिकता प्रमाणपत्रको प्रतिलिपि | | |
| अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा) | | |
| जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र) | | |

माथि उल्लेखित विवरण तथा कागतपत्रहरु सहि सत्य छन्। विगत तिन वर्ष देखि प्रतिफलमा आधारित प्रोत्साहन अनुदान बाहेक यसै प्रकृतिको कामका लागी अनुदान लिएको छैन ।

निवेदक

दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं.:
संस्थाको छापः

# अनुसूची ७

## सूचनाको ढाँचा

प्रथम पटक सूचना प्रकाशन मिति........

आ.व..................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार .....................कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ........ दिन भित्र (मिति.................गते सम्म) यस कार्यालय तथा मातहतका कार्यालयमा तपसिलको कागजातहरू सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाईट ......................... बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर .....................मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन (अनुसूचि १ बमोजिम)।

२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।

५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३७ वा ३८ बमोजिम)।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१० वर्ष वा तोकिएको अवधिको) करार पत्र।

आज्ञाले,

**धर्मराज न्यौपाने**

प्रमुख प्रशासकीय अधिकृत